# गोरखापत्र संस्थान

धर्मपथ, काठमाडौँ

## प्रकाशन बिक्री वितरण निर्देशिका–२०५९
## (परिमार्जित सहित संशोधित)

# गोरखापत्र संस्थान

प्रकाशन बिक्री वितरण निर्देशिका-२०५९

*(प्रथम संशोधन-२०७०)*

*(दोस्रो संशोधन-२०७५)*

*(तेस्रो संशोधन-२०७८)*

गोरखापत्र संस्थानका प्रकाशनहरू >स्वदेश तथा विदेशमा सुव्यवस्थित ढङ्गबाट बिक्री-वितरण गर्न गोरखापत्र संस्थानले यो निर्देशिका बनाएको छ।

१. परिभाषा :

(क) **@**"संस्थान" परिभाषा (क) संस्थान भन्नाले गोरखापत्र संस्थानको प्रधान कार्यालयलगायत यसको >प्रदेशस्तरीय प्रकाशन कार्यालय, प्रदेशस्तरीय तथा अन्य कार्यालयसमेतलाई सम्झनु पर्छ।

(ख) "प्रकाशनहरू" भन्नाले संस्थानबाट प्रकाशित दैनिक गोरखापत्र, द राइजिङ्ग नेपाल, मासिक प्रकाशनहरू मधुपर्क, युवामञ्च, मुना र >अनलाइन संस्करणसमेतलाई सम्झनुपर्छ वा संस्थानबाट प्रकाशित हुने प्रकाशनहरूलाई सम्झनुपर्छ।

(ग) "पत्र-पत्रिका" भन्नाले संस्थानका प्रकाशनहरू एवं >अनलाइन संस्करणलाई समेत सम्झनुपर्छ।

(घ) "निर्धारित मूल्य" भन्नाले संस्थानबाट समय-समयमा निर्धारित गरेको मूल्यलाई सम्झनुपर्छ।

(ङ) "एजेन्ट" भन्नाले संस्थानको नियमानुसार > स्वदेश तथा विदेशका विभिन्न स्थानमा संस्थानका प्रकाशनहरू बिक्री-वितरणका लागि नियुक्त व्यक्ति वा फर्म वा सङ्गठित संस्थालाई सम्झनुपर्छ।

(च) >"ग्राहक" भन्नाले संस्थानले निर्धारण गरेको अवधिको लागि प्रकाशन शुल्क बुझाइ ग्राहक हुनेलाई सम्झनुपर्छ।

(छ) "प्रमाणपत्र" भन्नाले संस्थानले एजेन्ट नियुक्तिपछि जारी गरेको प्रमाणपत्रलाई सम्झनुपर्छ।

(ज) "समिति" भन्नाले गोरखापत्र संस्थानको सञ्चालक समिति भन्ने सम्झनुपर्छ।

२. एजेन्टको व्यवस्था :-

@ संस्थानको नियमानुसार स्वदेश तथा विदेशमा समेत आवश्यकताअनुसार प्रकाशनहरू बिक्री-वितरणका लागि एजेन्टको नियुक्ति गरिनेछ।

३ # **.......**

४. एजेन्टले पाउने सुविधा :

(क) **@** संस्थानबाट बिक्री-वितरणका लागि पठाइने प्रकाशनहरू एजेन्टको पसलमा वा सम्पर्क स्थानसम्म यथासम्भव छिटो पुग्ने माध्यमद्वारा पुऱ्याउने दायित्व संस्थानको हुनेछ। > साथै एजेन्टले हुलाकमार्फत प्रकाशनहरू अन्यत्र पठाउँदा सोको प्रमाण पेस गरेमा हुलाकको नियमानुसार टिकटको रकम संस्थानले व्यहोर्ने छ।

(ख) **@** एजेन्टले संस्थानका दैनिक प्रकाशनहरू बिक्री गरेबापत १००० प्रतिसम्म निर्धारित मूल्यको ३० प्रतिशत र सोभन्दा बढी बिक्री गर्नेलाई सम्पूर्ण बिक्री सङ्ख्याको ३५ प्रतिशतका दरले कमिसन दिइनेछ। एजेन्टले आफूले उठाइरहेको पत्रिका सङ्ख्यामा नघट्ने गरी नयाँ ग्राहकको नाम, ठेगाना र सम्पर्क नं. र लिस्टसहित संस्थानमा बुझाइएमा वा नवीकरण गरेमा १० प्रतिशत थप कमिसन दिइने छ।

(ग) @ मासिक प्रकाशनहरूको हकमा ५०० प्रतिसम्म बिक्री गर्ने एजेन्टलाई ३५ प्रतिशत र सोभन्दा माथि बिक्री गर्नेलाई सम्पूर्ण बिक्री सङ्ख्याको ४० प्रतिशतका दरले कमिसन पाउनेछ ।

(घ) > नयाँ एजेन्ट लिनका लागि स्वदेश तथा विदेशमा समेत दैनिक प्रकाशनहरू कम्तीमा १० प्रति बिक्री गर्नुपर्नेछ ।

(ङ) ×अन्य सुविधाहरू संस्थानले समय समयमा गर्ने निर्णयअनुसार हुनेछ ।

५. एजेन्टले पालन गर्नुपर्ने अन्य सर्तहरू :

(क) एजेन्टले आफ्नो कार्यालय बाहिर वा पसलमा &संस्थानका प्रकाशनहरू सबैले देख्ने गरी अनिवार्य रूपले डिस्प्ले गर्ने र संस्थानका प्रकाशनहरूको वार्षिक, अर्ध वार्षिक ग्राहक दरसमेत उल्लेख गरी संस्थानको एजेन्ट भन्ने साइनबोर्ड राख्नु पर्नेछ ।

(ख) एजेन्टले संस्थानले निर्धारित गरेको प्रकाशनको मूल्यमा नबढाई तोकिएको क्षेत्रभित्र पत्र-पत्रिका बिक्री वितरण गर्नुपर्नेछ ।

(ग) एजेन्टले संस्थानबाट प्राप्त भएका प्रकाशनहरू प्राप्त हुनासाथ तुरुन्त ग्राहकहरूलाई उपलब्ध गराउनुपर्ने र बिक्री वितरण गर्नुपर्नेछ ।

(घ) एजेन्टले आफ्नो ठेगाना परिवर्तन गर्नुपरेमा पूर्वसूचना लिखित रूपमा दिए मात्र ठेगाना परिवर्तन गर्न सक्नेछ ।

(ङ) एजेन्टले आफ्नो एजेन्सी छाड्नु परेमा एक महिनाअगावै संस्थानमा लिखित सूचना दिई > लिन/दिन पर्ने हिसाब फरफारक गर्नुपर्नेछ ।

(च) एजेन्टले आफ्नो एजेन्सी संस्थानको पूर्व स्वीकृतिबेगर अन्य कसैलाई हस्तान्तरण गर्न पाउने छैन ।

(छ) एजेन्टलाई संस्थानबाट प्रत्येक महिनामा बिल पठाइने छ । सो बिल प्राप्त भएपछि सोको भुक्तानी नगद वा बैङ्क ड्राफ्ट वा > प्रचलित प्रविधिमार्फत अर्को महिनाको मसान्तभित्र संस्थानमा अनिवार्य रूपमा पठाउनु पर्नेछ । निर्धारित समयमा भुक्तानी प्राप्त नभएमा प्रकाशनहरू पठाउन आंशिक वा पूरै रोक लगाई अर्को एजेन्टको व्यवस्था गरिनेछ । यसबाट एजेन्टलाई कुनै हानि नोक्सानी भएमा संस्थान जिम्मेवार हुनेछैन ।

(ज) साधारणतया एजेन्टले लिइसकेको कुनै पनि प्रकाशनहरू > बिक्री नभएमा संस्थानले फिर्ता लिनेछैन । > तर एजेन्टले माग गरेको पत्रिका सङ्ख्याको ३० प्रतिशतले हुने अखबार बजार प्रवर्द्धनस्वरूप फिर्ता गर्न नपर्ने गरी उपलब्ध गराइनेछ । यो सुविधा लिन एजेन्टले सुरुमा माग गरेको पत्रिका सङ्ख्या कम्तीमा एक वर्षसम्म घटाउन पाउनेछैन ।

(झ) यो निर्देशिका लागू हुनुभन्दा अघि नियुक्ति भएका एजेन्टहरूले पनि > हाल लिइरहेको पत्रिका सङ्ख्या एक वर्षसम्म नघटाउने गरी यो सुविधा उपलब्ध गराइनेछ ।

(ञ) @ संस्थानले एजेन्टलाई पठाएको पत्र-पत्रिकाहरू प्राप्त नभएमा, घटबढ भएमा, संस्थानले पत्रिका पठाएको ३६ घण्टाभित्र सोको जानकारी गराइ तीन दिनभित्र प्राप्त हुने गरी > ग्राहक सेवा शाखाको इमेल ठेगानामा पत्रद्वारा वा सो शाखाको टेलिफोन एवं प्रचलित प्रविधिमार्फत जानकारी गराउनुपर्नेछ । अन्यथा एजेन्टलाई पूरै पत्रिका पुगेको मानिनेछ ।

(ट) एजेन्टले पत्र-पत्रिका नपाएको वा घटी वा बढी भएको सम्बन्धमा गरेको दाबी संस्थानले > विज्ञापन, अनुगमन तथा बिक्री-वितरण कार्यान्वयन उप-समितिले छानबिन गरी उचित ठहर हुन आएमा मात्र सोको क्षतिपूर्ति दिइनेछ ।

(ठ) <...

६. एजेन्ट हुने विधि :

एजेन्ट हुनको लागि देहायबमोजिमका कागजात संलग्न राखी आफूले बिक्री वितरण गर्ने क्षेत्रसमेत तोकी दरखास्त दिनुपर्नेछ ।

(क) एजेन्टको लागि *रु.५००।- दरखास्त दस्तुर लाग्ने छ ।

(ख) एजेन्टले संस्थानका प्रकाशनहरू बिक्री वितरणका लागि निम्नबमोजिम नगद धरौटी राख्नुपर्नेछ । तर यस्तो धरौटी रकम हिसाब गर्दा एजेन्टले पाउने कमिसन कट्टा गर्न पाउने छ ।

१. *सबै क्षेत्रमा नयाँ एजेन्ट लिनका लागि निजले > एजेन्ट नियुक्त भएको दिनदेखि उठाउन चाहेको पत्रिका सङ्ख्याको तीन महिना बराबरको रकम धरौटी राख्नुपर्नेछ । > तर कार्यालय प्रमुखले बजार प्रवर्द्धनस्वरूप धरौटीबाहेक पनि नयाँ स्थानहरूमा केही पत्रिका पठाउन सक्नेछ । यसरी पठाइएको पत्रिका बिक्री भएमा संस्थानमा रकम दाखिला गर्नुपर्नेछ ।

२. #....

(ग) एजेन्ट हुन चाहनेले नेपाल सरकारको सम्बन्धित कार्यालयमा रजिष्टर्ड फर्म वा सङ्गठित संस्था भए सोको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेस गर्नुपर्नेछ ।

(घ) *नयाँ एजेन्ट लिनका लागि व्यक्ति फर्म तथा प्राइभेट सङ्गठित संस्था भए व्यक्ति, फर्म, प्राइभेट सङ्गठित संस्थाको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, >कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, पासपोर्ट साइजको फोटो २ प्रति र तोकिएको ढाँचामा निवेदन एवं निवेदन दस्तुर रु. ५०० पेस गर्नुपर्नेछ । साथै सरकारी तथा नेपाल सरकारको स्वामित्वमा रहेको सङ्गठित संस्थाको हकमा भने संस्थानको निर्णय तथा सम्बन्धित सङ्गठित संस्थाको निर्णयबमोजिम हुनेछ ।

(ङ) #....

७. संस्थानको अधिकार :

(क) संस्थानले जुनसुकै समयमा पनि एजेन्टले प्रकाशनहरू यो निर्देशिका बमोजिम बिक्री वितरण गरे/नगरेको *अनुगमन गर्न सक्नेछ ।

(ख) कुनै एजेन्टले यो निर्देशिकाबमोजिम काम नगरेको वा कुनै किसिमबाट संस्थालाई हानि नोक्सानी पुऱ्याएको वा प्रकाशन बिक्री वितरणमा लापरबाही वा बदनियत गरेको र संस्थानलाई भुक्तानी गर्नुपर्ने रकम *भुक्तानी नगरेमा संस्थानले एजेन्टलाई प्रदान गरेको एजेन्सी मान्यता निलम्बन वा खारेजी गरी हानि नोक्सानीको रकम निजले संस्थानमा राखेको धरौटी रकमबाट कट्टी गरी असुलउपर गर्न सक्नेछ । सोबाट पनि संस्थानको हानि नोक्सानी वा बाँकी रकम असुलउपर नभएमा निजलाई प्रशासनिक तथा कानुनी कारबाहीसमेत गरी & सरकारी बाँकी बक्यौतासरह निजको जायजेथाबाट असुलउपर गर्नेछ ।

(ग) >कुनै एक एजेन्ट नियुक्ति भएको स्थान/क्षेत्रमा संस्थानको आवश्यकताअनुसार अर्को एजेन्ट नियुक्ति गर्न सक्नेछ ।

(घ) संस्थानले आवश्यकताअनुसार समय-समयमा एजेन्टहरूलाई प्रकाशन बिक्री वितरणसम्बन्धी निर्देशन दिन सक्नेछ ।

(ङ) एजेन्टले संस्थानबाट प्राप्त बिलको भुक्तानी तोकिएको समयमा नगरेमा संस्थानले निजको धरौटी रकमबाट कट्टा गरी लिनेछ । यसरी कट्टी गरिएको धरौटी रकम जम्मा नगरेमा संस्थानले बिना सूचना एजेन्सी स्थगित वा खारेज गर्नेछ । > तर प्रतिस्पर्धात्मक बजारलाई दृष्टिगत गरी प्रकाशनहरूको बिक्री-वितरणमा थप ह्रास आउन नदिन साथै बक्यौता रकम असुली हुनसक्ने सम्भावनालाई समेत दृष्टिगत गरी धरौटी रकमको सीमा नाघेमा पनि पत्रिका पठाउने कार्यलाई निरन्तरता दिन सकिनेछ ।

(च) संस्थानको हितलाई ध्यानमा राखी एजेन्ट नियुक्ति गर्ने/नगर्ने सर्वाधिकार संस्थानमा सुरक्षित रहनेछ ।

(छ) #....

७. (ज) > संस्थानका प्रकाशनहरू प्रवर्द्धन गर्ने हेतुले संस्थान प्रमुखबाट दैनिक प्रकाशन १५०/१५० प्रति र मासिक प्रकाशनहरू ५०/५० प्रति, महाप्रबन्धकबाट दैनिक प्रकाशन ७५/७५ प्रति, र मासिक प्रकाशनहरू ४०/४० प्रति, सञ्चालक समितिका सदस्यहरूबाट सम्पूर्ण प्रकाशनहरू ५/५ प्रति, प्रधान सम्पादकबाट सम्बन्धित प्रकाशन ७५ प्रति र अन्य प्रकाशन २५/२५ प्रति, नायब महाप्रबन्धकबाट दैनिक प्रकाशनहरू

३५/३५ प्रति र मासिक प्रकाशनहरू २०/२० प्रति, मासिक प्रकाशनका सम्पादकबाट सम्बन्धित प्रकाशनहरू ५० प्रति र अन्य प्रकाशनहरू १०/१० प्रति, वितरण विभाग प्रमुखबाट दैनिक प्रकाशनहरू ४५/४५ प्रति, मासिक प्रकाशन २५/२५ प्रति, व्यापार विभाग प्रमुखबाट दैनिक प्रकाशनहरू ४०/४० प्रति, मासिक प्रकाशनहरू १५/१५प्रति, अर्थ विभागबाट दैनिक प्रकाशन ४०/४० प्रति र मासिक प्रकाशन १०/१० प्रति, अन्य विभागीय प्रमुखहरूबाट दैनिक प्रकाशन १५/१५ प्रति र मासिक प्रकाशन १०/१० प्रति, प्रदेशस्तरीय प्रकाशन कार्यालय प्रमुख र सम्पादकबाट दैनिक प्रकाशन २०/२० प्रति, मासिक प्रकाशन १०/१० प्रति, प्रदेशस्तरीय कार्यालय प्रमुख, संयोजकबाट दैनिक प्रकाशन १०/१० प्रति र मासिक प्रकाशन ५/५ प्रति संस्थानमा अभिलेख रहने गरी उपलब्ध गराउन सकिनेछ । साथै अन्य करारका कर्मचारी, स्ट्रिन्जर ( समाचारदाता), नयाँ नेपाल पृष्ठका पृष्ठ संयोजक र सह-संयोजकलाई सुविधास्वरूप सम्पूर्ण प्रकाशन १/१ प्रति उपलब्ध गराइनेछ ।

(झ) #....

८. एजेन्टको नवीकरण :

(क) एजेन्टलाई जारी गरेको प्रमाणपत्रको अवधि >पाँच वर्षको हुनेछ ।

(ख) प्रमाणपत्रको अवधि समाप्त हुनुभन्दा तीन महिनाअगावै एजेन्टले आफ्नो प्रमाणपत्र नवीकरणका > लागि निवेदन दिनुपर्नेछ । त्यसरी नवीकरण गरिएको प्रमाणपत्रको अवधि पाँच वर्षका लागि मान्य हुनेछ ।

(ग) नवीकरणबापत > कुनै दस्तुर लाग्नेछैन ।

९. (क) खारेजी र बचाउ : > (यो निर्देशिका लागू भएपछि गोरखापत्र संस्थान प्रकाशन बिक्री-वितरण निर्देशिका-२०५९ (परिमार्जन संशोधनसहित-२०७५) खारेज हुनेछ ।

९. % (ख) यो निर्देशिका २०५९ (परिमार्जन संशोधनसहित-२०७५) बमोजिम भए गरेका काम-कारबाही यसै निर्देशिकाबमोजिम भए गरेको मानिनेछ ।

९.% (ग) यो निर्देशिकाका प्रावधानहरू प्रचलित ऐन कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

९. (घ) % यो निर्देशिका लागू भएपछि यसअघि प्रकाशन बिक्री वितरण निर्देशिकासम्बन्धी सञ्चालक समितिले गरेका निर्णय निष्क्रिय हुनेछन् ।

१०. #....

११. विविध:-

यस निर्देशिकामा नपरेका विषयहरू समयानुकूल संस्थानको निर्णयबमोजिम हुनेछ ।

- यो निर्देशिका संशोधनको क्रममा देहायबमोजिमको सङ्केत प्रयोग गरिएको छ ।

| | | | | |
|---|---|---|---|---|
| * | प्रथम संशोधनद्वारा संशोधन | | | |
| # | प्रथम संशोधनद्वारा खारेज | | | |
| & | प्रथम संशोधनद्वारा थप | | | |
| @ | दोस्रो संशोधनद्वारा संशोधन | | | |
| × | दोस्रो संशोधनद्वारा थप | | | |
| > | तेस्रो संशोधनद्वारा संशोधन | | | |
| < | तेस्रो संशोधनद्वारा खारेज | | | |
| % | तेस्रो संशोधनद्वारा थप | | | |

## दरखास्तको ढाँचा

श्री गोरखापत्र संस्थान
कार्यालय ..........

विषय :- एजेन्ट हुन पाऊँ ।

महोदय,

त्यस संस्थानका प्रकाशनहरू बिक्री-वितरण गर्ने मेरो/हाम्रो इच्छा भएकाले देहायबमोजिमको व्यहोरा खोली रु.५००।- दस्तुरसाथ राखी यो दरखास्त पेस गरेको छु /छौं । एजेन्ट भई संस्थानको प्रकाशन बिक्री-वितरण निर्देशिका-२०५९ (संशोधनसहित अधीनमा रही पत्रपत्रिका बिक्री-वितरणको काम गर्न मञ्जुर छु/छौं । राख्नुपर्ने धरौटी रकम दरखास्त स्वीकृत भएपछि बुझाउने छु/छौं । एजेन्ट हुन पाऊँ ।

१. (क) दरखास्तवालाको पूरा नाम, थर.................................................................................
फर्म वा सङ्गठित संस्था भए मुख्य अधिकारीको नाम,थर.....................................................
प्रदेश नं.........महानगर/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका..............................
वडा नं. ............

(ख) प्रकाशन पुऱ्याउने नजिकको हुलाक वा विमानस्थल वा बस बिसौनी..................

२. प्रकाशन बिक्री वितरण गर्ने क्षेत्र (इलाका वा स्थानहरू)
३. संलग्न आवश्यक कागजात
१.
२.
३.
४.
५.

उपर्युक्त व्यहोरा ठीक साँचो छ । झुठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

दरखास्तवालाको दस्तखत
मिति .......................

## कबुलियतनामाको ढाँचा

लिखितम् ..........................को नाति/नातिनी ..............................को छोरा/छोरी ........................प्रदेश ...........................नगर/गा.पा वडा नं............... टोल (गाँउ)..................... बस्ने ............................वर्ष ........................को तर्फबाट त्यस गोरखापत्र संस्थानबाट प्रकाशित पत्र-पत्रिकाको बिक्री वितरण गर्नका लागि संस्थानका प्रकाशन बिक्री-वितरण निर्देशिका-२०५९(संशोधनसहित) बमोजिम ............ एजेन्ट हुने इच्छा भई दरखास्तसमेत स्वीकृत भएकाले यो निर्देशिकापछि संशोधन हुने दफाहरूसमेतको अधीनमा रही कारोबार गर्न मेरो/हाम्रो मन्जुर भएकोले........................ ठाउँमा बसी निम्नलिखित साक्षीका रोहबरमा यो कबुलियत गरिदिएको छु/छौं । संस्थाानसँग उल्लिखित कारोबार गर्दा लिनु/दिनु पर्ने रकम तोकिएको समयमा तिर्ने बुझाउने छु । नतिरेमा वा नबुझाएमा प्रचलित कानुनबमोजिम मेरो/हाम्रो घर घरानाबाट सरकारी बाँकी बक्यौतासरह असुलउपर गरी लिएमा पूर्ण मन्जुर छु/छौं ।

साक्षी

१.

२.

३.

कबुलियत गर्नेको रेखात्मक

दायाँ बायाँ

कबुलियत गर्नेको दस्तखत :-

पूरा नाम :-

ठेगाना :-

इति सम्बत् ......... साल ............... महिना ...... गते ....... रोज शुभम् ।

प्रमाणपत्रको ढाँचा

गोरखापत्र संस्थान

एजेन्टको प्रमाणपत्र

श्री......................ठेगाना......................लाई............................निम्नलिखित प्रदेश (इलाका वा स्थानहरू) को लागि यस संस्थानको प्रकाशनहरू बिक्री वितरण गर्ने एजेन्ट नियुक्ति गरिएकोले यो प्रमाणपत्र प्रदान गरिएको छ ।

यो प्रमाणपत्र २०........साल............महिना..........गतेदेखि २०............साल ..........महिना .................गतेसम्म कायम रहेको छ । यो प्रमाणपत्र नवीकरण नभएमा स्वत: रद्द भएको मानिने छ ।

प्रकाशन बिक्री वितरण गर्ने क्षेत्रहरू :

प्रमाणपत्र दिने अधिकारीको दस्तखत

नाम, थर :-

पद :-

मिति :-

## साइनबोर्डको ढाँचा

प्रमाणपत्र नं.
प्रदेश नं.
महानगर/नगरपालिका/गाउँपालिका

गोरखापत्र संस्थान एजेन्टको नाम तथा ठेगाना:-

संस्थानमा निम्नलिखित प्रकाशनहरू पाइन्छ :-
१. गोरखापत्र (दैनिक)
२. दि राइजिङ्ग नेपाल (दैनिक)
३.मधुपर्क (मासिक)
४.युवामञ्च (मासिक)
५. मुना (मासिक)
६. गोरखापत्र अनलाइन संस्करण
७. राइजिङ नेपाल अनलाइन संस्करण

## हाम्रा प्रकाशनहरू

हाम्रो गौरव, राष्ट्रको पत्रिका
गोरखापत्र

NATION'S 1st ENGLISH BROADSHEET
THE RISING NEPAL
ALL BE HAPPY, ALL BE WELL

मधुपर्क

युवामञ्च

मुना

गोरखापत्र अनलाइन
gorkhapatraonline.com, risingnepaldaily.com

## समाचार/लेख रचना

**गोरखापत्र संस्थान**
प्रधान कार्यालय, धर्मपथ, काठमाडौँ
फोन नं. ०१-५३२२९२१
E-mail: gopafeature@gmail.com
gpbiznews@gmail.com
news.gorkhapatra@gmail.com

## विज्ञापन प्रकाशित गर्नुपरेमा

व्यापार विभाग
**गोरखापत्र संस्थान**
प्रधान कार्यालय, धर्मपथ, काठमाडौँ
फोन नं. ०१-५३२७४९३/०१-५३२६५२९
E-mail: mgorkhapatra@gmail.com

## ग्राहक बन्नुपरेमा

वितरण विभाग
**गोरखापत्र संस्थान**
प्रधान कार्यालय, धर्मपथ, काठमाडौँ
फोन नं. ०१-५३२०६३८, ५३२२५९९
टोल फ्रि नं. १६६००१९४४४४
E-mail: bgorkhapatra207@gmail.com